# FCC SPEED TEST APP

Pennsylvania मा ब्रोडब्यान्डको गति मापन गर्न सहयोग गर्नुहोस्

Pennsylvania
WORK SMART. LIVE HAPPY.

संघीय सञ्चार आयोग (FCC) को **Speed Test App (इन्टरनेट गति मापन गर्ने एप)** ले ***अमेरिकी ब्रोडब्यान्ड इन्टरनेट गति मापन कार्यक्रम*** मा सहयोग पुर्याउन मोबाइल उपकरणहरूबाट ब्रोडब्यान्डको प्रदर्शनसम्बन्धी तथ्याङ्क सङ्कलन गर्छ । एपबाट सङ्कलित तथ्याङ्कले FCC को ब्रोडब्यान्डसम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने प्रयासहरूमा सहयोग पुर्याउनेछ । Pennsylvania Broadband Office (ब्रोडब्यान्ड कार्यालय) Pennsylvania का सबै बासिन्दाहरूलाई इन्टरनेट गति मापन गर्ने यो एप डाउनलोड र प्रयोग गर्न प्रेरित गर्छ ।



## यो किन महत्त्वपूर्ण छ ?

धेरै प्रयोगकर्ताहरूबाट प्राप्त गरिएको मोबाइल इन्टरनेट गतिको परीक्षणसम्बन्धी तथ्याङ्क, Pennsylvania को मोबाइलसम्बन्धी सेवाहरूका सम्बन्धमा सबैभन्दा सही र ताजा तथ्याङ्क हुन्छ । एपबाट सङ्कलित जानकारीले Pennsylvania मा ब्रोडब्यान्ड इन्टरनेटको विस्तार तथा विकासका लागि प्राप्त हुने संघीय कोषमा प्रत्यक्ष रूपमा असर गर्छ । यो कोषले Pennsylvania का सबै नागरिकहरूले उच्च गतिको आधुनिक इन्टरनेट सेवाको पहुँच प्राप्त गर्छन् भनेर सुनिश्चित गर्छ ।

## बारम्बार सोधिने प्रश्नहरू

### म एप कसरी प्राप्त गर्न सक्छु ?

यो एपको नाम **FCC Speed Test App** हो । यो iOS उपकरणहरूका लागि एप्पल एप स्टोरमा (विकासकर्ता SamKnows द्वारा प्रकाशित) वा एन्ड्रोइड उपकरणहरूको लागि गुगल प्ले स्टोरमा (विकासकर्ता FCCAPPs द्वारा प्रकाशित) उपलब्ध छ । एप डाउनलोड गर्न कुनै पनि स्टोरमा "FCC Speed Test" लेखेर एप खोज्नुहोस् ।

### यो परीक्षणले कुन-कुन तथ्याङ्क सङ्कलन गर्छ ?

- परीक्षणको मिति तथा समय
- प्रयोग गरिएको उपकरणको अपरेटिङ सिस्टमको संस्करण सहित उत्पादक तथा मोडल
- मोबाइल उपकरणको कनेक्सनसम्बन्धी प्रदर्शन – सेवा प्रदायक, रेडियो सिग्नलको क्षमता तथा गुणस्तर, कनेक्सनको प्रकार, तथा परीक्षणको नतिजा
- GPS निर्देशाङ्क (तपाईंले स्थानसम्बन्धी सेवाहरू सक्रिय गर्नुभएको खण्डमा मात्र)

### यो परीक्षणले कुन-कुन तथ्याङ्क सङ्कलन गर्दैन ?

- नाम, फोन नम्बर, स्थान (सक्रिय नगरेसम्म) जस्तो व्यक्तिगत परिचय खुलाउने जानकारी वा तपाईंको उपकरणसँग सम्बन्धित सूचकहरू
- सार्वजनिक रूपमा जारी गरिने तथ्याङ्कमा नाम खुलाइने छैन

### उक्त तथ्याङ्क कसरी प्रयोग/आदान-प्रदान गरिन्छ ?

- FCC ले मोबाइल ब्रोडब्यान्ड सेवासँग सम्बन्धित नीतिगत निर्णयहरू बनाउँदा एपबाट प्राप्त तथ्याङ्क प्रयोग गर्छ ।
- FCC ले मोबाइल ब्रोडब्यान्डको उपलब्धता तथा सेवाको गुणस्तर देखाउँदै सार्वजनिक रूपमा पहुँचयोग्य नक्साहरू बनाउन यो तथ्याङ्क प्रयोग गर्न सक्छ ।
- FCC ले आयोगको ब्रोडब्रान्ड तथ्याङ्क सङ्कलन कार्यक्रमको अंशको रूपमा भविष्यमा विस्तारित प्रयोगका लागि एपका सुविधाहरू अद्यावधिक गर्न सक्छ ।
- मूल तथ्याङ्क (परिचय खुल्ने तथ्याङ्क) अनुरोध गर्ने खोजकर्ताहरूले FCC को साथमा जानकारी खुलासा नगर्ने सम्झौतामा हस्ताक्षर गर्नु पर्दछ

## थप जानकारी

तपाईं तल दिइएका लिङ्कहरूमा गएर FCC Speed Test App को बारेमा थप जानकारी प्राप्त गर्न सक्नुहुन्छ:

- FCC Speed Test App को गोपनीयता सूचना तथा प्रयोगका सर्तहरू
- FCC Speed Test App सँग सम्बन्धित बारम्बार सोधिने प्रश्नहरू

PA pennsylvania
DEPARTMENT OF COMMUNITY
& ECONOMIC DEVELOPMENT

09/13/2022

Commonwealth Keystone Building | 400 North Street, 4th Floor | Harrisburg, PA 17120-0225 | +1.866.466.3972 | **dced.pa.gov**